# शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

### सुदूरपश्चिम प्रदेश, नेपाल

# शिवनाथ गाउँपालिकाको आर्थिक ऐन, २०८२

२०८२ असार २१

## शिवनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०८२

**प्रस्तावनाः** शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शिवनाथ गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "शिवनाथ गाउँपालिकाको आर्थिक ऐन,२०८२" रहेको छ ।

(२) यो ऐन, २०८२ साल श्रावण १ गतेदेखि शिवनाथ गाउँपालिकाक्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पति करः** शिवनाथ गाउँपालिकाका क्षेत्रभित्र एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

३. **भूमी/मलपोत/घर करः** शिवनाथ गाउँपालिका क्षेत्र भित्र अनुसूची - १ बमोजिम भूमी/मालपोत र घरकर लगाईनेछ।

- मालपोत/घरकर एक आर्थिक वर्ष भित्र तिर्नुपर्नेछ ।
- एक आर्थिक वर्ष भित्र कर नतिरेमा आ.व. समाप्त भएको एक वर्षसम्म २५%, २ देखी ३ वर्ष सम्म ३५% र ४ देखी ५ वर्ष सम्म ५०% र ५ वर्ष भन्दा समयसम्म नतिरेमा १००% जरिवाना लाग्नेछ।
- वक्यौताको गणना जुन आ.व. देखि तिर्न बाँकी छ सोही आ.व. को करको दर अनुसार गर्नुपर्नेछ।
- एक व्यक्तिको जतिसुकै घर भएपनि प्रतेक घरको घरकर तिर्नुपर्नेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । घरधनी/हकवालाले उठाएको कुल रकममा १०% बहालकर लाग्नेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

- व्यवसाय कर एक आर्थिक वर्ष भित्र तिर्नुपर्नेछ ।
- एक आर्थिक वर्ष भित्र कर नतिरेमा आ.व. समाप्त भएको एक वर्षसम्म २५%, २ देखी ३ वर्ष सम्म ३५% र ४ देखी ५ वर्ष सम्म ५०% र ५ वर्ष भन्दा समयसम्म नतिरेमा १००% जरिवाना लाग्नेछ।

- साथै वक्यौताको गणना जुन आ.व. देखि तिर्न बाँकी छ सोही आ.व. को करको दर अनुसार गर्नुपर्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिकाको क्षेत्राधिकार भित्र रहने सरकारी स्वामित्व बाहेकका निजी तथा व्यवसायिक प्रयोजनका सवारी साधनहरुमा अनुसूचि (५) बमोजिम कर लगाईनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

- व्यक्तिगत घट्ना दर्ता प्रमाण पत्र, कक्षा ८ को प्रमाणपत्र जारी गर्दा कार्यालयको तर्फबाट गल्ती भएमा सोको प्रतिलिपि दिदा निःशुल्क दिनुपर्नेछ।
- साथै दुरुस्त रहेको म्यानुअल व्यक्तिगत घट्ना दर्ता प्रमाणपत्र लाई एकचोटी अनलाईन गर्दा निःशुल्क गर्नुपर्नेछ।तर सच्याउनुपर्ने, च्यातिएको, बिग्रेको छ भने प्रतिलिपि शुल्क लाग्नेछ।

१४. **पर्यटन शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **घाट तारउतार तथा नदिजन्य :**अनुसूची १३ मा उल्लिखित घाट तारउतार तथा नदि जन्य बस्तु निकासी गरेको अवस्था अनुसुचि बमोजिम बार्षिक शुल्क एकमुष्ट रुपमा लाग्ने छ।

१६. अनुसूचि १४ बमोजिम अन्य कर र अनुसूची १५ बमोजिम सरकारी सम्पत्तीको बहाल कर लगाइनेछ।

१७. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## मालपोत/घरकर

## अनुसूची - १

## आ.व. २०८२/०८३

| सि.नं. | शिर्षक | विवरण | अनुमानित घर संख्या | राजस्व दर | |
|---|---|---|---|---|---|
| १ | | मालपोत कर (खेत /पाखो दुबै) | | **प्रति रोपनी** | |
| | | | | अब्बल | रु. १५ |
| | | | | दोयम | रु. १० |
| | | | | सिम | रु. ६ |
| | | | | चाहार | रु. ५ |
| २ | | घर कर | ४५०० | पत्थरले छाएको कच्ची घर प्रतिघर रु५० | |
| | | | | माटोले छाएको कच्ची घर प्रतिघर रु५० | |
| | | | | जस्ता पाताले छाएको कच्ची घर प्रतिघर रु५० | |
| | | | | एक तला पक्की घर प्रतिघर रु १०० | |
| | | | | एक तलामा कच्ची र दोस्रो तलामा लेन्टरवाला घर प्रतिघर रु.१५० | |
| | | | | दुवै तला लेन्टरवाला घर प्रति घर रु. २०० | |
| | | | | दुई तला भन्दा बढी प्रति तला रु १०० थप | |

**बहालकर**

**अनुसूची - २**

**आ.व २०८२/०८३**

| **सि.न.** | **शर्षक** | **विवरण** | **राजस्व दर** |
|---|---|---|---|
| १ | घर वहाल कर | घरभाडा | १० प्रतिशत |
| २ | बहालकर | गाडी/ढुवानी | १० प्रतिशत |
| ३ | अन्य बहालकर | विविध | १० प्रतिशत |

## व्यवसाय कर

## अनुसूची - ३

## आ.व २०८२/०८३

| सि.न. | शिर्षक | विवरण | दर्ता शुल्क रु | नविकरण शुल्क/ कर रु |
|---|---|---|---|---|
| | व्यवसाय कर | **होटलजन्य व्यवसाय** | | |
| १ | | होटल व्यवसाय (गेष्ट हाउस आदि,लज) | १५०० | १००० |
| २ | | साना होटल व्यवसाय | १००० | ५०० |
| ३ | | चिया ,मिठाई तथा भोजनालय | ५०० | २५० |
| | | **मदिराजन्य व्यवसाय** | | |
| ४ | | मदिरा व्यवसाय सिफारिस दस्तुर होलसेल | ३५००० | १०००० |
| ५ | | मदिरा व्यवसाय सिफारिस दस्तुर खुद्रा | २५००० | ५००० |
| ६ | | मदिरा र खाना नास्ता सहितको होटल | २५००० | ५००० |
| | | **स्टेशनरीजन्य व्यवसाय** | | |
| ७ | | स्टेशनरी, पुस्तक तथा पत्रपत्रिका सामग्री पसल | १००० | ५०० |
| ८ | | छापाखाना | २००० | १००० |
| ९ | | कम्प्युटर, फोटोकपी तथा सो सँग सम्बन्धित सामान | १००० | ५०० |
| १० | | अपसेट प्रेस, फ्लेक्स प्रिन्ट | २५०० | २००० |
| ११ | | स्थानीय पत्रपत्रिका | १००० | ५०० |
| | | **मेडिकलजन्य व्यवसाय** | | |
| १२ | | मेडिकल पसल | ३००० | २००० |
| १३ | | एग्रोभेट, भेटेनरी पसल | २००० | १००० |
| | | **साना उद्योग तथा व्यवसाय** | | |
| १४ | | क्रसिङ उद्योग सञ्चालन अनुमती सिफारिस | ५०००० | २५००० |
| १५ | | काठ मिल | ५००० | ३००० |
| १६ | | घरेलु तथा साना उद्योग | २००० | १५०० |
| १७ | | अगरबत्ती /मैनबत्ती उद्योग | ५०० | २५० |
| १८ | | कुटानी पिसानी पेलानी घरेलु उद्योग (मिल) | १५०० | १००० |
| १९ | | होजियारी उद्योग | २००० | १५०० |
| २० | | पानी सम्बन्धि उद्योग | २००० | १५०० |

| सि.न. | | विवरण | दर्ता शुल्क रु | नविकरण शुल्क/ कर रु |
|---|---|---|---|---|
| २१ | | बेसार तथा अन्य  मसला उद्योग | २००० | १००० |
| २२ | | अचारजन्य उद्योग | ५०० | २५० |
| २३ | | आरन व्यवसाय | ५०० | २५० |
| २४ | | फर्निचर तथा फर्निसिङ व्यवसाय | २००० | १००० |
| | | **इलेक्ट्रोनिक तथा बिजुलीजन्य व्यवसाय** | | |
| २५ | | ईलेक्ट्रिकल पसल दर्ता/ संचालन दस्तुर | १००० | ५०० |
| २६ | | बिजुलीका सामान भएको पसल | १५०० | १००० |
| २७ | | मोबाइल,घडी लगायतका ईलेक्ट्रोनिक सामान मर्मत केन्द्र | १५०० | १००० |
| | | **सवारी मर्मत व्यवसाय** | | |
| २८ | | चार पाङ्ग्रे सवारी साधन मर्मत वर्कसप | ३००० | २००० |
| २९ | | दुई पाङ्ग्रे सवारी साधन मर्मत वर्कसप | १५०० | १००० |
| | | **गरगहना तथा कस्मेटिक व्यवसाय** | | |
| ३० | | सुन,चाँदी पसल-गहना बनाउने,प्रशोधन र बिक्रि गर्ने | ४००० | २००० |
| ३१ | | कस्मेटिक पसल संचालन/दर्ता शुल्क | १००० | ५०० |
| ३२ | | व्युटिपार्लर | १५०० | १००० |
| | | **अन्य व्यापारिक वस्तुहरु** | | |
| ३३ | | हार्डवेयर पसल दर्ता | २००० | १००० |
| ३४ | | भाँडाकुँडा पसल | २००० | १५०० |
| ३५ | | सिलाई सेन्टर | १००० | ५०० |
| ३६ | | एफ.एम/रेडियो संचालन दस्तुर | ३००० | २५०० |
| ३७ | | मासु पसल संचालन दर्ता | १००० | ५०० |
| ३८ | | हेयर कटिङ | ५०० | २५० |
| ३९ | | पान,चुरोट,विडी,  सुर्ती जन्य पदार्थको विक्रेता | २००० | १५०० |
| | | **दैनिक उपभोगजन्य पदार्थहरु** | | |
| ४० | | ट्रेड एण्ड सप्लायर्स | २००० | १५०० |
| ४१ | | कपडा पसल,फेन्सी स्टोर | २००० | १५०० |
| ४२ | | जनरल स्टोर | २००० | १५०० |
| ४३ | | खाद्यान्न किराना थोक | १५०० | १००० |
| ४४ | | खाद्यान्न किराना खुद्रा | १२०० | ८०० |
| ४५ | | साना किराना पसल | १००० | ५०० |
| ४६ | | खुद्रा पसल | १००० | ५०० |
| ४७ | | दुग्ध उद्योग , डेरी उद्योग | २००० | १५०० |
| ४८ | | तरकारी/फलफूल पसल | १००० | ५०० |

| सि.न. | | विवरण | दर्ता शुल्क रु | नविकरण शुल्क/ कर रु |
|---|---|---|---|---|
| ४९ | | खानेपानी समिति | १००० | ३०० |
| | | **उपभोक्ता समिति** | | |
| ५१ | | क) ५ लाख मुनिका योजनाको | ५०० | ३०० |
| ५२ | | ख) ५ लाख १ देखी ८ लाख सम्मका योजनाको | ८०० | ४०० |
| ५३ | | ग) ८ लाख १ देखि १० लाख सम्मका योजनाको | १००० | ५०० |
| ५४ | | घ) १० लाख भन्दा माथीका योजनाको | १५०० | ८०० |
| | | **निर्माण व्यवसायी** | | |
| ५५ | | क वर्ग इजाजत पत्र | | १०००० |
| ५६ | | ख वर्ग इजाजत पत्र | | ८००० |
| ५७ | | ग वर्ग इजाजत पत्र | | ५००० |
| ५८ | | घ वर्ग इजाजत पत्र | ८००० | ५००० |
| | | **बैंक तथा वित्तिय संस्थाहरु** | | |
| ५९ | | 'क' वर्गको बैंक | १५००० | ८००० |
| ६० | | 'ख' वर्गको बैंक | १०००० | ५००० |
| ६१ | | 'ग' वर्गको बैंक तथा वित्तीय संस्था | ८००० | ४००० |
| ६२ | | 'घ' वर्गको बैंक तथा वित्तीय संस्था/लघुवित्त संस्थाहरु | ७००० | ३००० |
| ६३ | | बचत तथा ऋण सहकारी संस्था सञ्चालन दस्तुर | ५००० | ३००० |
| ६४ | | सहकारी (कृषि,महिला) | १५०० | १००० |
| ६५ | | बहुउद्देश्यीय सहकारी | ३००० | २००० |
| ६७ | | विमा कम्पनी (जीवन,निर्जीवन) अनुमति सिफारिस | ५००० | ३००० |
| | | **कृषि तथा पशुजन्य व्यवसाय** | | |
| ६८ | | पोल्ट्री फर्म | १००० | ५०० |
| ६९ | | माछा पालन फर्म | १००० | ५०० |
| ७० | | गाई भैंसी पालन फर्म | १००० | ५०० |
| ७१ | | बाखा पालन फर्म | १५०० | १००० |
| ७२ | | बंगुर पालन फर्म | १५०० | १००० |
| ७३ | | नर्सरी फलफूल ,फूल | १००० | ५०० |
| ७४ | | कृषि तथा पशुपन्छी बहुउद्देश्यीय फर्म | २००० | १००० |
| ७५ | | कृषि फर्म/ पशु फर्म | १००० | ५०० |
| ७६ | | कृषि तथा पशु समुह | ५०० | २५० |
| ७७ | | महिला समुह | ५०० | २५० |

## जडीबुटी,जीवजन्तु र कवाडी कर
## अनुसूची  - ४
## आ.व २०८२/०८३

| सि.नं. | शिर्षक | विवरण | राजश्व दर प्रति )<br>(.जी.के |
|---|---|---|---|
| १ | कवाडी कर(शिशा,प्लाष्टिक,धातु तथा अन्य) | प्रति १० के.जी. | रु. १ |

**सवारी साधन कर**

**अनुसूची - ५**

**आ.व २०८२/०८३**

| **सि.नं.** | **शीर्षक** | **विवरण** | **दर्ता शुल्क रु** | **नविकरण शुल्क/कर रु** |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | हेभी ट्रकटिप्पर लगायतका ,ट्र्याक्टर , हेभी सवारी साधन | ० | |
| २ | | भाडाका कार ,जीप ,टाटा सुमो | ० | |
| ३ | | स्कुटरमोटरसाईकल लगायतका , दुईपाङ्ग्रे सवारी साधन | ० | |
| ४ | | टांगा,रिक्सा,अटो रिक्सा, ई-रिक्सा | १००० | ५०० |

**विज्ञापन कर**

**अनुसूची - ६**

**आ.व २०८२/०८३**

| सि.नं. | शीर्षक | विवरण | राजस्व दर (प्रति होडिङ बोर्ड) |
|---|---|---|---|
| १ | विज्ञापन कर | विज्ञापन कर | ५०० |

**मनोरञ्जन कर**

**अनुसूची - ७**

**आ.व २०८२/०८३**

| **सि.नं.** | **शीर्षक** | **विवरण** | **राजश्व दर** |
|---|---|---|---|
| १ | मनोरञ्जन कर (जात्रा/मेलामा लगाईने कर) | सामान्य चिया पसल | १०० |
| २ | | होटल व्यवसाय | ५०० |
| ३ | | खुद्रा पसल | २०० |
| ४ | | ठूला व्यापारी मिठाई,फेन्सी | १००० |

नोटः मेला व्यवस्थापन समितिले संकलन गरेको राजश्व मध्ये ४० प्रतिशत रकम अनिवार्य रुपमा गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**बहाल बिटौरी कर**

**अनुसूची - ८**

**आ.व २०८२/०८३**

| **सि.नं.** | **शीर्षक** | **विवरण** | **राजश्व दर** |
|---|---|---|---|
| १ | बहाल बिटौरी कर | प्रति ऐलानी जग्गामा स्वीकृत बमोजिम निर्मित टहरा ,छाप्रा , आदि | आवासीयको हकमा वार्षिक रु . ५०० र व्यवसाय प्रयोजनको हकमा रु १००० |
| २ | | गाउँपालिकाको जग्गामा बनेका घर टहरा छाप्रा आदिको जग्गा भाडा | मासिक रु १०० प्रति वर्ग मिटर |

**पार्किङ शुल्क**

**अनुसूची - ९**

**आ.व २०८२/०८३**

| सि.नं. | शीर्षक | विवरण | राजश्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | चार पाङ्ग्रे हेभि सवारीसाधन | रु १०० प्रतिघण्टा | |
| २ | | चार पाङ्ग्रे हलुका सवारीसाधन | रु ५० प्रतिघण्टा | |
| ३ | | दुई पाङ्ग्रे सवारीसाधन | रु २० प्रतिघण्टा | |

## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः

## अनुसूची - १०

## आ.व २०८२/०८३

| सि.नं. | शीर्षक | विवरण | राजश्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क | सम्भाव्यता अध्ययन गरी निर्धारण गर्ने | ० | |

**सेवा शुल्क**

**अनुसूची - ११**

**आ.व २०८२/०८३**

| सि.नं. | शीर्षक | विवरण | अनुमानित सेवा संख्या | राजश्व दर (रु) |
|---|---|---|---|---|
| १ | सेवा शुल्क दस्तुर | निवेदन दस्तुर(कार्यालयले निवेदन ढाँचा दिएको अवस्थामा) | ५०० | १० |
| २ | | नागरिकता सिफारिस | ५०० | १०० |
| ३ | | नागरिकता प्रतिलिपि सिफारिस | ५० | २०० |
| ४ | | वैवहिक अङ्गकृत नागरिकता सिफारिस | | ५०० |
| ५ | | वैवहिक अङ्गकृत नागरिकता प्रतिलिपि सिफारिस | | २०० |
| ६ | | अङ्गकृत नागरिकता सिफारिस | | २५० |
| ७ | | अङ्गकृत नागरिकता प्रतिलिपि सिफारिस | | २०० |
| ८ | | सामान्य सिफारिस | ५०० | १०० |
| ९ | | नामथर संशोधन सिफारिस , | २५ | १०० |
| १० | | सर्जमीन मुचुल्का दस्तुर | २० | ५०० |
| ११ | | जन्म मिति/मृत्यु मिति/बसाईसराई मिति/विवाह मिति/सम्बन्ध विच्छेद मिति प्रमाणित | | २०० |
| १२ | | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | २०० | २०० |
| १३ | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | २०० | ५०० |
| १४ | | नाता कायम सिफारिस | ५० | २५० |
| १५ | | सगोल प्रमाणित | | २०० |
| १६ | | जातीय पहिचान र जातीय सिफारिस | | २०० |
| १७ | | कागज मञ्जुरीनामा प्रमाणित | | २०० |
| १८ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | | २५० |
| १९ | | जिवितसँगको नाता प्रमाणित | | २५० |
| २० | | हकवाला वा हकदार प्रमाणित | | २०० |
| २१ | | लेनदेन कागजपत्र प्रमाणित/दर्ता | | ५०० |
| २२ | | विवाहित/अविवाहित प्रमाणित | | २०० |
| २३ | | घर पाताल प्रमाणित | | २०० |
| २४ | | घर कायम सिफारिस | | २०० |
| २५ | | घरबाटो प्रमाणित | | २५० |
| २६ | | व्यक्तिगत/पारिवारिक विवरण प्रमाणित | | २०० |
| २७ | | सामाजिक सुरक्षा भत्ता कार्ड प्रतिलिपि शुल्क | | ५० |
| २८ | | कक्षा ८ लब्धाङ्क पत्र /प्रमाण पत्र प्रतिलिपि | | ५०० |
| २९ | | अन्य प्रमाणित | | २०० |

| सि.नं. | | विवरण | अनुमानित सेवा संख्या | राजश्व दर (रु) |
|---|---|---|---|---|
| ३० | | जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम सिफारिस | | २०० |
| ३१ | | स्थायी बसोबास सिफारिस | | १०० |
| ३२ | | कुनै व्यक्तिको नाम थर जन्ममिति वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | | २०० |
| ३३ | | जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | | २०० |
| ३४ | | रुख कटान सिफारिस | | २००० |
| ३५ | | जीवित रहेको सिफारिस | | २०० |
| ३६ | | संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | | २५० |
| ३७ | | कित्ताकाट सिफारिस | | २०० |
| ३८ | | प्लटिङ सफारिस | | १००० |
| ३९ | | स्वास्थ्य उपचार सिफारिस | | १०० |
| ४० | | घरजग्गा करको लेखाजोखा सिफारिस | | १०० |
| ४१ | | घरजग्गा नामसारी | | ५०० |
| ४२ | | अंशबण्डा सिफारिस | | २०० |
| ४३ | | अंशियार प्रमाणित | | २५० |
| ४४ | | बन्द घर तथा कोठा खोल्ने सिफारिस | | १०० |
| ४५ | | बहालकरको लेखाजोखा सिफारिस | | १०० |
| ४६ | | बैंक खाता खोल्ने गर्ने सिफारिस | | १०० |
| ४७ | | बैंक खाता बन्द गर्ने सिफारिस | | १०० |
| ४८ | | मोही लगत कट्टा सिफारिस | | १०० |
| ४९ | | सम्पत्ति मूल्याङ्कन (मूल्याङ्कन रकममा) | | ०.२५% |
| ५० | | आय प्रमाण (आम्दानी प्रमाणित रकममा ) | | ०.२५% |
| ५१ | | बन्धुक नवीकरण सिफारिस | ५० | ३०० |
| ५२ | | जग्गा नामसारीखारेज सिफारिस ,रजिस्ट्रेशन दाखिला , | ५० | ५०० |
| ५३ | | संघ संस्था दर्ता सिफारिस शुल्क | ५ | १००० |
| ५४ | | संघ संस्था नवीकरण सिफारिस | २० | ५०० |
| ५५ | | नक्सा पास दस्तुर | ५० | ५०० |
| ५६ | | भवन अभिलेखिकरण | | ५०० |
| ५७ | | नक्सा प्रमाणिकरण | | २५० |
| ५८ | | नक्सा नापजाँच शुल्क | | १००० |
| ५९ | | नक्सा प्रतिलिपि दस्तुर | | २०० |
| ६० | | नक्सा संसोधन दस्तुर | | ५०० |
| ६१ | | चारकिल्ला प्रमाणित ( घरजग्गा) | १० | ५०० |

| सि.नं. | | विवरण | अनुमानित सेवा संख्या | राजश्व दर (रु) |
|---|---|---|---|---|
| ६२ | | गाउँ पार्श्वचित्रवार्षिकयोजना जस्ता ,आवधिक योजना , प्रकाशित पुस्तिका खरिद | | २००० |
| ६३ | | सानो पत्रिका प्रकाशन(प्रति पाना) बुलेटिन खरिद , | | १० |
| ६४ | | घ वर्गको निर्माण व्यवसाय फर्म/प्रा लि ठाउँसारी /नामसारी | | ५००० |
| ६५ | | खानेपानी विधान दर्ता शुल्क | | ५०० |
| ६६ | | सहकारी विधान दर्ता शुल्क | | १००० |
| ६७ | | अन्य विधान दर्ता शुल्क | | ५०० |
| ६८ | | उद्योग/व्यापार/व्यवसाय ठाँउसारी/नामसारी सिफारिस | | १००० |
| ६९ | | व्यापार व्यवसाय बन्द भएको/संचालन नभएको व्यपार नभएको सिफारिस | | ५०० |
| ७० | | पट्के व्यापार (घुमुवा व्यापारी) अनुमती शुल्क वार्षिक | | १५०० |
| ७१ | | आर्थिक अवस्था सम्पन्न रहेको सिफारिस | | २००० |
| ७२ | | आर्थिक अवस्था कमजोर रहेको सिफारिस | | निशुल्क |
| ७३ | | अशक्त,अनाथ र असहायका लागि पालन पोषणका लागि सिफारिस | | निशुल्क |
| ७४ | | छात्रवृत्ति सिफारिस | | १०० |
| ७५ | | बढी पुँजी भएको उद्योग ठाउँसारी सिफारिस | | २००० |
| ७६ | | कम पुँजी भएको उद्योग ठाउँसारी सिफारिस | | १००० |
| ७७ | | जग्गा मूल्याङ्कन सिफारिस | | १००० |
| ७८ | | व्यवसाय दर्ताका लागि घरेलु कार्यालय वा अन्य कार्यालय सिफारिस दस्तुर | | २०० |
| ७९ | | अंग्रेजी भाषाको सिफारिस / प्रमाणित | | ३०० |
| ८० | | मदिरा पसल ठाउँसारी नाम सारी सिफारिस | | ३००० |
| ८१ | | बजेट माग तथा अनुदान माग सिफारिस | | ५०० |
| ८२ | | आधारभूत विद्यालय खोल्ने/नयाँ कक्षा थप गर्ने सिफारिस | | १००० |
| ८३ | | विद्यालय ठाउँसारी गर्ने सिफारिस | | १००० |
| ८४ | | योजना सम्झौता सिफारिस/ योजना सम्पन्न सिफारिस | | १०० |
| ८५ | | दरभाउपत्र फारम बिक्रि | | १००० |
| ८६ | | बोलपत्र फारम बिक्रि | | ३००० |

| सि.नं. | | विवरण | अनुमानित सेवा संख्या | राजश्व दर (रु) |
|---|---|---|---|---|
| ८७ | | **संघ,प्रदेश तथा अन्य निकायबाट सोझै कार्यान्वयन हुने योजना/कार्यक्रमको हकमा** | | |
| | | (क)बजेट तथा अनुदान माग सिफारिस | | ५०० |
| | | (ख)योजना सम्झौता सिफारिस | | सि.नं. ९१ अनुसार |
| | | (ग) बैंक खाता खोल्ने/ बन्द गर्ने सिफारिस | | २०० |
| | | **भुक्तानीको लागि सिफारिस** | | |
| | | (क)५ लाख मुनिका योजनाको | | ३०० |
| | | (ख)५ लाख १ देखी ८ लाख सम्मका योजनाको | | ५०० |
| | | (ग) ८ लाख १ देखि १० लाख सम्मका योजनाको | | १००० |
| | | (घ) १० लाख भन्दा माथीका योजनाको | | १५०० |
| ८८ | | **विद्युत जडान सिफारिस** | | |
| | | क) घरायसी | | ३०० |
| | | ख) उद्योगधन्दा | | ५०० |
| ८९ | | **खानेपानी जडान सिफारिस** | | |
| | | (क)घरायसी | | ३०० |
| | | (ख)अन्य | | ४०० |
| ९० | | **पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस** | | |
| | | (क) नेपालको लागि | | २०० |
| | | (ख) भारतको लागि | | ४०० |
| | | (ग) अन्य मुलूकको लागि | | १००० |
| ९१ | | **योजना/ कार्यक्रम सम्झौता शुल्क**( लागत योजनामा) | | |
| | | (क) १ लाख सम्म | | १०० |
| | | (ख) १ लाख एक देखी २ लाख सम्म | | २०० |
| | | (ग) २ लाख एक देखी ३ लाख सम्म | | ३०० |
| | | (घ) ३ लाख एक देखी ४ लाख सम्म | | ४०० |
| | | (ङ) ४ लाख एक देखी ५ लाख सम्म | | ५०० |
| | | (च)५ लाख एक देखी ६ लाख सम्म | | ६०० |
| | | (छ) ६ लाख एक देखी ७ लाख सम्म | | ७०० |
| | | (ज)७ लाख एक देखी ८ लाख सम्म | | ८०० |
| | | (झ)८ लाख एक देखी ९ लाख सम्म | | ९०० |

| | | विवरण | अनुमानित सेवा संख्या | राजश्व दर (रु) |
|---|---|---|---|---|
| | | (ञ)९ लाख एक देखी १० लाख सम्म | | १००० |
| | | (ट)१० लाख भन्दा बढी | | १५०० |
| ९२ | | **न्यायिक दस्तुर** | | |
| | | (क) उजुरी दर्ता | | २०० |
| | | (ख) प्रतिवाद/ नक्कल दस्तुर/ मिलापत्र दस्तुर दस्तुर | | १५० |
| ९३ | | **परीक्षा शुल्क** | | |
| | | (क) छैठौ तह | | १२०० |
| | | (ख) पाँचौ तह | | ८०० |
| | | (ग)चौथो तह | | ५०० |
| | | (घ)श्रेणी विहिन | | ४०० |
| ९४ | | **कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर/सिफारिस शुल्क** | | |
| | | **पशुजन्य** | | |
| | | (क) प्रति भैंसि | | ५० |
| | | (ख) प्रति खसि | | ३० |
| | | (ग)अन्य | | २० |
| ९५ | | **कृषिजन्य** | | |
| | | १) साल **प्रति क्यु फिट** | | १५ |
| | | २) खयर **प्रति क्यु फिट** | | १२ |
| | | ३) सल्ला **प्रति क्यु फिट** | | १० |
| | | ४) सिमल **प्रति क्यु फिट** | | ५ |
| | | ५) अन्य **प्रति क्यु फिट** | | १० |
| ९६ | | **मादक पदार्थ सेवन(मा.प.से.) गरि होहल्ला,गालिबेइज्जती,कुटपिट गरेमा जरिवाना** | | |
| | | (क) सार्वजनिक पद धारण गरेको व्यक्ति | | ५००० |
| | | (ग)सर्वसाधारण व्यक्ति | | २५०० |

**करका दर**

**अनुसूची - १२**

**आ.व २०८२/०८३**

| सि.नं. | शीर्षक | विवरण | राजश्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | पर्यटन शुल्क | सम्भाव्यता अध्ययन गरी निर्धारण गर्ने | ० | |

**करका दर**

**अनुसूची - १३**

**आ.व २०८२/०८३**

| सि.नं. | शीर्षक | विवरण | राजश्व दर रु (न्युनतम अंक) | कैफियत |
|---|---|---|---|---|
| १ | घाट तार उतार/बालुवा ठेक्का | नागार्जुन घाट तार उतार | १२०००० | एकमुष्ट रुपमा वार्षिक |
| २ | | कुस्माउत घाट तार उतार | ६०००० | एकमुष्ट रुपमा वार्षिक |
| ३ | | महाकाली नदी बालुवा संकलन | स्वीकृत IEE प्रतिवेदन अनुसार | एकमुष्ट रुपमा वार्षिक |
| ४ | | खैरेनीघाट वालुवा संकलन | स्वीकृत IEE प्रतिवेदन अनुसार | एकमुष्ट रुपमा वार्षिक |
| ५ | | खालीबाटा बालुवा संकलन | स्वीकृत IEE प्रतिवेदन अनुसार | एकमुष्ट रुपमा वार्षिक |
| ६ | ढुङ्गा, गिट्टी | प्रति टिप्पर<br>प्रति ट्याक्टर | रु २०००/-<br>रु १०००/- | |

**करका दर**

**अनुसूची - १४**

**आ.व २०८२/०८३**

| सि.नं. | शीर्षक | विवरण | राजश्व दर | कैफियत |
|---|---|---|---|---|
| १ | आँखा उपचार केन्द्र/स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य चौकी | ओ.पि.डी शुल्क | ५०।- | |
| | | मा.प.से जाँच शुल्क | ५००।- | |
| | | घाउ जाँच केश फाराम शुल्क | ३००।- | |
| २ | भाडा | हल भाडा | १००० | प्रति दिन |
| | | जेनेरेटर भाडा | ५०० | प्रति दिन |
| | | कुर्सी, टेबल, टेन्ट, डी जे भाडा | १००० | प्रति दिन |

करका दर

अनुसूची - १५

आ.व २०८२/०८३

सरकारी सम्पत्तिको बहालमा लाग्ने शुल्क

जे.सि.बि को भाडादर

| मेसिनको नाम | विवरण | राजस्व दर (प्रति घण्टा रु) | कैफियत |
|---|---|---|---|
| जे सि बि | क) इन्धन सहित | ३१७० | |
| | ख) इन्धन बाहेक | १५०० | |

एम्बुलेन्स भाडादर

| मेसिनको नाम | देखि | सम्म | राजश्व दर (रु) | कैफियत |
|---|---|---|---|---|
| एम्बुलेन्स | सुल्लेखान | शिवनाथ १, मटेला | १८०० | |
| | | शिवनाथ १, बण्ड | १६०० | |
| | | शिवनाथ १, तेर्छाबटा | १४०० | |
| | | शिवनाथ १, दुबला | १५०० | |
| | | शिवनाथ १, कुड | २००० | |
| | | शिवनाथ १, स्वाल | १८०० | |
| | | शिवनाथ २, खाल | २००० | |
| | | शिवनाथ २, सुनकोट | १२०० | |
| | | शिवनाथ २, बस्कोटी | १५०० | |
| | | शिवनाथ २, पौखर | १५०० | |
| | | शिवनाथ २, मडैगाउँ | १२०० | |
| | | शिवनाथ २, शर्माली | १००० | |
| | | शिवनाथ २, पोखरा | १००० | |
| | | शिवनाथ २, फटकेढुङ्गा | ८०० | |
| | | शिवनाथ ३, बछला | ८०० | |
| | | शिवनाथ ३, पुडिल | ८०० | |
| | | शिवनाथ ३, पोखरेठी र साउगडा | ८०० | |
| | | शिवनाथ ४, कोपरे | २५०० | |
| | | शिवनाथ ४, लिखाडी | २२०० | |
| | | शिवनाथ ४, स्वल्पला | १७०० | |
| | | शिवनाथ ४, महरगाउँ | १३०० | |
| | | शिवनाथ ४, न्वदेउ | १३०० | |
| | | शिवनाथ ४, कुङ्गेफटा | १३०० | |

| | | सम्म | राजश्व दर (रु) | कैफियत |
|---|---|---|---|---|
| | | शिवनाथ ४, मकैल | १३०० | |
| | | शिवनाथ ४, टाँ | १३०० | |
| | | शिवनाथ ४, पिपलकोट | १३०० | |
| | | शिवनाथ ५, खकलाई | ८०० | |
| | | शिवनाथ ५, बारु | ८०० | |
| | | शिवनाथ ५, भैसिखर्क | ८०० | |
| | | शिवनाथ ५, कफाडी | १००० | |
| | | शिवनाथ ५, बगजेबला | ८०० | |
| | | शिवनाथ ५, हटकेचोरा | ८०० | |
| | | शिवनाथ ५, लमाखाली | ८०० | |
| | | शिवनाथ ६, बसेडी | १५०० | |
| | | शिवनाथ ६, हिरापुर | १३०० | |
| | | शिवनाथ ६, कानली | १५०० | |
| | | शिवनाथ ६, बसेडीभ्वाँ | १३०० | |
| | | शिवनाथ ६, मल्लिमड | ८०० | |
| | | पञ्चेश्वार ३, कुलाउ | २००० | |
| | | पञ्चेश्वार ४, अमचोरा | २५०० | |
| | | पञ्चेश्वार ३, विनायक | ३००० | |
| | | मेलौली | १५०० | |
| | | पाटन | ४००० | |
| | | द.न.पा., गोठलापानी बैतडी | ५५०० | |
| | | द.न.पा.झुलाघाट, बैतडी | ६५०० | |
| | | अ.न.पा., डडेल्धुरा | ७००० | |
| | | धनगढी | १२००० | |
| | | भि.न.पा., महेन्द्रनगर | १३००० | |
| | | बाके, कोहलपूर | १९००० | |
| | | बाके, नेपालग्ज | १९५०० | |
| | | काठमाण्डौ | ४०००० | |

## ट्याक्टरको भाडादर

| मेसिनको नाम | विवरण | राजस्व दर (रु) | कैफियत |
|---|---|---|---|
| इन्धनको आधारमा | | | |
| ट्याक्टर | क) इन्धन सहित प्रति घण्टा | ९०० | |
| | ख) इन्धन बाहेक प्रति घण्टा | ४०० | |
| | ग) इन्धन सहित प्रति दिन | ७४०० | |
| | घ) इन्धन बाहेक प्रति दिन | ३००० | |
| | क्षेत्र /ठाउँ अनसार | | |
| | **भाडादर कायम हुने क्षेत्र** | **राजस्व दर(प्रति ट्रिप)** | |
| | कुड आसपासको क्षेत्र | ७३०० | |
| | मटेला आसपासको क्षेत्र | ६८५० | |
| | शर्माली र खाल आसपासको क्षेत्र | ७९५० | |
| | बस्कोटी र स्वाल आसपासको क्षेत्र | ७५०० | |
| | बछला आसपासको क्षेत्र | ६५५० | |
| | साउगडा आसपासको क्षेत्र | ७७०० | |
| | स्वल्पला आसपासको क्षेत्र | ८८०० | |
| | पिपलकोट आसपासको क्षेत्र | १०००० | |
| | बारु र खकलाई आसपासको क्षेत्र | ९५०० | |
| | सुल्लेखान आसपासको क्षेत्र | ९००० | |
| | कफाडी आसपास क्षेत्र | १०००० | |
| | बसेडी आसपासको क्षेत्र | १२००० | |
| | कानली हिरापुर आसपासको क्षेत्र | ११७०० | |

# शिवनाथ गाउँपालिकाको आ व २०८२/०८३ को  अनुमानित आन्तरिक राजस्व आय

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| २ | ११३१४ | भुमिकर/मालपोत | ३००००० | |
| ३ | ११३१७ | वहाल कर | ३००००० | |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ५००० | |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०००० | |
| ६ | ११६९१ | अन्य कर | १००००० | |
| ७ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १३००००० | |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १०००० | |
| ९ | १४२२१ | न्यायिक दस्तूर | ५००० | |
| १० | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २०००० | |
| ११ | १४२२४ | परीक्षा शुल्क | ३०००० | |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २००००० | |
| १३ | १४२४३ | सिफारिश दस्तुर | ४००००० | |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५५०००० | |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५०००० | |
| १६ | १४२४९ | अन्य दस्तुर | ३६०००० | |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६००००० | |
| १८ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १०००० | |
| १९ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १०००० | |
| २० | १४२६५ | अन्य क्षेत्रको आय | ४००००० | |
| २१ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००० | |
| २२ | १४५२९ | अन्य राजस्व | ३००००० | |
| २४ | १५१११ | बेरूजू | २००००० | |
| २५ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ७००००० | |
| जम्मा | | | ६०००००० | |